Sanima Bank
'A' Class Financial Institution Licensed by Nepal Rastra Bank

(प.लि.८८४/०६०/६१)

सानिमा बैंक लिमिटेड
अल्कापुरी, नक्साल, काठमाडौं

प.सं: वि.एस.२०७५/७६/४८

मिति: २०७५/९/२२

श्रीमान् रजिष्ट्रारज्यू,
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं ।

विषय : **चौधौं वार्षिक साधारण सभाको निर्णय पठाईएको वारे ।**

महोदय,

मिति २०७५ साल मार्ग २७ गतेका दिन सम्पन्न यस बैंकको चौधौं वार्षिक साधारणसभाको निर्णय (माइन्यूट) कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम यसै साथ सम्लग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

साथै उक्त साधारण सभाले बैंकको प्रवन्धपत्र/नियमावलीमा संशोधन गर्ने गरी निर्णय गरेको हुँदा उक्त प्रवन्धपत्र/नियमावलीको संशोधित प्रति स्वीकृतिको लागि यसै पत्रसाथ संलग्न गरी पठाएकाछौं । उक्त संशोधित प्रवन्धपत्र तथा नियमावली स्वीकृत गरी सोको जानकारी उपलब्ध गराई दिनु हुन समेत अनुरोध गर्दछौ ।

**संलग्न :**

१. चौधौ वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि ।

२. संशोधित प्रवन्धपत्र तथा नियमावलीको तीन महले विवरण ।

३. संशोधित प्रवन्धपत्र तथा नियमावली ।

४. कम्पनी ऐन, २०६३ को दफा ५१ को विवरण ।

५. चौधौं वार्षिक साधारण सभाको प्रतिवेदन ।

सहयोगको लागि धन्यवाद ।

भवदीय,

रुद्रप्रसाद बन्जारा
कमपनी सचिव

P.O. Box: 20394, 'Alakapuri', Naxal, Kathmandu | Tel.: +977-1-4428979/80 | Fax: +977-1-4428969 | Email: sanima@sanimabank.com | www.sanimabank.com | SWIFT: SNMANPKA

## सानिमा बैंक लिमिटेडको
## चौधौं वार्षिक साधारणसभाको विवरण

यस बैंकका संचालक समितिका अध्यक्ष श्री विनयकुमार श्रेष्ठको अध्यक्षतामा वि.सं.२०७५ साल मार्ग २७ गते (१३ डिसेम्बर २०१८) विहीबार विहान १०:०० वजे देखि अपरान्ह २:०० वजेसम्म राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौंमा सम्पन्न भएको चौधौं वार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ ।

१. उपस्थिति :

क. सभामा उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री विनयकुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - संचालक |
| ३. | श्री भरतकुमार पोखरेल | - संचालक |
| ४. | श्री महेश घिमिरे | - संचालक |
| ५. | श्री उत्तमकुमार भट्टराई | - संचालक |

संचालक श्री शाम्बा लामा आफ्नो काम विशेषले नेपाल बाहिर विदेश जानु भएकाले बैठकमा अनुपस्थित रहनु भयो ।

ख. अन्य पदाधिकारीहरु :

| | | |
|---|---|---|
| १. | श्री भुवनकुमार दहाल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री टंक भट्टराई | कम्पनी रजिष्ट्रारको कार्यालय |

घ. यस चौधौ वार्षिक साधारणसभाको मितिसम्म ५१,०८५(फिजिकल तथा डिम्याट समेत) जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहनु भएको छ ।

ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत :
सभामा स्वयम तथा प्रोक्सी मार्फत ५९.४ प्रतिशत उपस्थिति रह्यो ।

च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :
यस बैंकको संचालक समितिको बि.स.२०७५ साल मार्ग ४ गते बसेको ३७६औं बैठकको निर्णयानुसार बैंकको चौधौ वार्षिक साधारणसभाको सूचना बि.सं.२०७५ मार्ग ६ गते "राजधानी" राष्ट्रिय दैनिक र मार्ग १७ गते "अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराएको थियो । बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कूल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्ने व्यवस्था रहको छ । सो अनुरुप कूल शेयर संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ५९.४ प्रतिशत शेयरको प्रतिनिधित्व



सानिमा बैंक लिमिटेड
अलकापुरी, नक्साल, काठमाडौं

भएकोले सभा सञ्चालनको लागि गणपूरकसंख्या पुगेको र कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराइयो ।

२. **छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. चौधौं वार्षिक साधारण सभाको लागि संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आल आषाढ मसान्तको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. यस बैंकको सहायक कम्पनी सानिमा क्यापिटल लिमिटेडको आ.व.२०७४/७५ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी पारीत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूजींको १४(चौध) प्रतिशतका दरले नगद लाभांश रू.१,१२,०१,७५,७६२/- (अक्षेरपी एक अर्ब बाह्र करोड एक लाख पचहत्तर हजार सातसय बैसठ्ठी) मात्र वितरण गर्न स्वीकृत गर्ने ।
६. सर्वसाधारण समूह (समूह "ख") बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. सम्बन्धित निकायको स्वीकृति लिई बैंक आफै वा सहायक कम्पनी मार्फत शेयर ब्रोकरेज सम्बन्धी कार्य गर्ने व्यवस्था समावेश गरि प्रबन्धपत्र संशोधन गर्ने ।
२. सम्बन्धित निकायको स्वीकृति लिइ संचालक समितिले आवश्यकता अनुसार बण्ड, ऋणपत्र जारी गरि पूँजी परिचालन गर्न सक्ने व्यवस्था समावेश गरि नियमावली संशोधन गर्ने ।
३. कुनै बैंक वा वित्तीय संस्थालाई यस संस्थाले प्राप्ती गर्ने वा कुनै उपयुक्त संस्थालाई यस बैंकमा गाभ्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रकृयाहरु पुरा गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।
४. बैंकको प्रबन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध :**

३. **सभाको प्रारम्भ :**

बि.सं.२०७५/८/४ मा बसेको संचालक समितिको ३७६ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम चौधौं वार्षिक साधारणसभामा छलफलको लागि उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरिएको व्यहोरा सभालाई कम्पनी सचिव श्री रुद्रप्रसाद बन्जाराले जानकारी गराउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनयकुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फबाट



सानिमा बैंक लिमिटेड